☎०६६-४०२२२६

सुन्दरबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सुन्दरबजार,लमजुङ

गण्डकी प्रदेश,नेपाल

**(नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्रीको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना)**

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/३१ )

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११.घ(६) ले दिएको अधिकार प्रयोग गरी सुन्दरबजार नगर कार्यपालिकाको निर्णयानुसार तपसिलमा उल्लेखित स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी तोकिएको दररेटमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी दभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा यस कार्यालयको वेभसाईट वा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**ठेक्काको विवरण**

| सि.नं | उत्खनन्/संकलन क्षेत्र | नदी/खोला/वडा नं | लम्बाई (मि.) | चौडाई (मि.) | उत्खनन् योग्य गहिराई | उत्खनन् आयतन (घ.मि.) | न्यूनतम रकम रु (मु.अ.क बाहेक) | बोलपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | रमाईलो घाट १ | मर्स्याङ्दी/७ | ६० | २० | ०.५ | ६०० | ३,४९,३३८ | १००० |
| | रमाईलो घाट २ | | ५० | २० | ०.५ | ५०० | | |
| २ | त्रिवेणी घाट | मर्स्याङ्दी/८ | २८० | ५० | ०.५ | ७००० | २२,०२,०६० | ३००० |
| ३ | सुन्तलेटार घाट | नाउँदी/२ | २०० | १० | ०.५ | १००० | ३,१७,५८० | १००० |
| ४ | सत्रसय घाट | पाउँदी/२ र ४ | ३०० | ३० | ०.५ | ४५०० | १४,२९,११० | ३००० |
| ५ | मिलन वस्ती घाट | पाउँदी/३ र ४ | २८० | ५ | ०.५ | ७०० | २,२२,३०६ | १००० |

**शर्तहरु**

१. फर्म नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण- पत्रको प्रतिलिपी र प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी , बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड सुन्दरबजारमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं १५३०३००००१००१००००१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्ने छ।

२. बोलपत्र दाखिला गर्ने बोलपत्रदाताले बोलपत्र फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

३. आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम नेपाल बैंक लिमिटेड सुन्दरबजारमा रहेको यस कार्यालयको धरौटी खाता नं १५३०३०००००३००००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा "क" वर्गको बाणिज्य बैंकबाट जारी गरेको कम्तिमा

क. रमाइलो घाट,सुन्तलेटार घाट र मिलनबस्ति घाटको लागि ७५ दिन अवधिको म्याद भएको बैंक ग्यारेन्टी



रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ख. सत्रसय घाट र त्रिवेणी घाटको लागि १२० दिन अवधिको म्याद भएको बैंक ग्यारेन्टी को सक्कलै प्रति बोलपत्रसाथ संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई

क) रमाइलो घाट,सुन्तलेटार घाट र मिलनबस्ति घाटको लागि सूचना प्रकाशन भएको मितिले ७ औं दिन (२०८३/०६/०६ गते) कार्यालय समयभित्र बोलपत्र खरिद गरी नगर कार्यपालिकाको कार्यालयमा मिति २०८३/०६/०७ गते दिनको १२ बजेभित्र शिलबन्दी दरभाउपत्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख) सत्रसय घाट र त्रिवेणी घाटको लागि सूचना प्रकाशन भएको मितिले २० औं दिन (२०८३/०६/१९ गते) कार्यालय समयभित्र बोलपत्र खरिद गरी नगर कार्यपालिकाको कार्यालयमा मिति २०८३/०६/२० गते दिनको १२ बजेभित्र शिलबन्दी दरभाउपत्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन

क) रमाइलो घाट,सुन्तलेटार घाट र मिलनबस्ति घाटको लागि (२०८३/०६/०७ गते) को २:०० बजे

ख) सत्रसय घाट र त्रिवेणी घाटको लागि (२०८३/०६/२० गते) को २:०० वजे

निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै, बोलपत्रदाता वा निजको प्रतिनिधी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहीबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यो ठेक्काको अवधि आगामी २०८३ जेष्ठ १५ गतेसम्मको लागि मात्र हुनेछ । यस कार्यालयबाट बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र बोलपत्रदाताले कबोल गरेको पुरै रकमको मुल्य अभिवृद्धि कर (भ्याट १३%), TDS(१.५ %) तथा नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य करहरु चुक्ता गरेको सक्कलै बैंक भौचर समेत लिई कार्यालयमा उपस्थित हुनु पर्नेछ । किस्ताका आधारमा रकम बुझाउदा प्रथम किस्ता बापत ५०% सम्झौताका बखत र बाँकी ५० प्रतिशतको चैत्र मसान्तसम्मको बैंक ग्यारेन्टी अनिवार्य बुझाई सक्नु पर्नेछ ।

८. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमनुसार अन्य बोलपत्रदातासँग ठेक्का बन्दोबस्त गरिनेछ वा निर्णयानुसार गरिनेछ ।

९. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने वाकी वक्यौता भएका फर्म तथा कम्पनीहरुले पेश गरेको बोलपत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

१०. ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/व्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले थुनछेक गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा सुचना रद्ध गरी यस कार्यालयको निर्णयानुसार लागू हुनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२. 'स्थानीय सरकार संचालन ऐन, २०७४", "प्रादेशिक वातावरण संरक्षण ऐन, गण्डकी प्रदेश, २०७७ "ढुंगा, गिटी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, यस कार्यालयको प्रारम्भिक



रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

☎०६६-४०२२२६

सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुन्दरबजार,लमजुङ
गण्डकी प्रदेश,नेपाल

वातावरणीय परीक्षणको अध्यावधिक प्रतिवेदन (IEE), नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं र अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन् ।

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

Website:www.sundarbazarmun.gov.npEmail:sundarbazarmun@gmail.com,info@sundarbazarmun.gov.np

CamScanner